# के तपाईंले सुन्नुभएको छैन ?



# के तपाईंले सुन्नुभएको छैन ?

प्रिय मित्र, के तपाईंले आफ्ना सृष्टिकर्त्तासँगको आफ्नो सम्बन्धबारे कहिल्यै विचार गर्नुभएको छ ? उहाँसँगको तपाईंको लडाइँ टुङ्गियो कि जारी छ ? तपाईंको आत्मिक गन्तव्य, मृत्युपछिको अत्यन्त लामो जीवन अनि तपाईंका विचार, बोली र व्यवहारको जाँच हुने कुराको बारेमा एकक्षण विचार गर्नुहोस् त ! भोलि बिहान नउठिएमा स्वर्ग पुगिने कुरामा के तपाईं शत प्रतिशत निश्चित हुनुहुन्छ ? यो कुरा तपाईंकै हातमा छ भनी के तपाईंले कहिल्यै सोचविचार गर्नुभएको छ ?

परमेश्वरको अस्तित्वलाई अस्वीकार गर्दा, मानव विज्ञानका आडम्बरी दाबीहरूमा र तपाईं धर्म मान्ने व्यक्ति हुनुहुन्न भन्ने तपाईंको स्पष्टीकरणमा तपाईं गर्व गर्नुहुन्छ होला । तपाईंलाई थाहै होला, असङ्ख्य आकाशगंगाहरू तथा सौर्यमण्डलहरू आपसमा ठोक्किँदैनन् र यस्तो नियमित चालमा चल्दछन् जसलाई हेरेर तपाईं आफ्नो घडी मिलाउन सक्नुहुन्छ । सुन्नुहोस् त, ती सबै पिण्डहरू कुनै आदिकालीन धूलोको बादल जथाभावी र स्वस्फूर्तरूपमा बाहिरी अन्तरिक्षमा जोरले हुत्तिँदा बन्न पुगे भनी विश्वास गरिन्छ भने बाइबल त्यस्तो व्यक्तिको सठीक परिचय दिन्छः “मूर्खले मनमनमा भनेको छः ‘परमेश्वर छैन’” (भजनसङ्ग्रह १४:१) । क्रमविकासवाद साँचो विज्ञान होइन । यसका आधारभूत दाबीहरूलाई प्रमाणित गर्न सकिँदैन र यस्ता दाबीहरूलाई अवलोकन गर्न सकिने साँचो विज्ञानले झूटो भनी बारम्बार प्रमाणित गरेको छ । अझ भन्नुपर्दा, यसका सम्भाव्यताहरू अचम्मका छन् । त्यसको विपरीत, साँचो र वस्तुगत विज्ञानले बाइबलका दाबीहरूलाई सदैव पुष्टि गरेको छ । गएर तापशास्त्रका नियमहरू, पृथ्वीको चुम्वकीय अर्धजीवन, सूर्यको घट्दो आकार, खोलानदीहरूबाट समुद्रहरूमा माटो र बालुवा थुप्रिने दर,

जनसङ्ख्या वृद्धिका तथ्याङ्कहरू, तथाकथित “अवशेष अङ्गहरू”-को साँचो महत्व, अवशेषको अभिलेखमा कत्ति पनि नपाइने “सङ्क्रमणकालीन प्रजातिहरू”, इत्यादिको अध्ययन गर्नुहोस् । त्यसपछि पृथ्वी अरबौं वर्ष पुरानो छ र तपाईंका जिजुबाजेका जिजुबाजेका जिजुबाजेका....जिजुबाजे रूखहरूमा झुण्डिँदै पीङ खेल्दथे र तिनका जिजुबाजेका जिजुबाजेका जिजुबाजेका....जिजुबाजे आदिकालीन तरल पदार्थको पोखरीमा तैरिन्थे भनी ईमानदारीसाथ भन्ने प्रयास गर्नुहोस् । बमवर्षा गर्ने गोब्रे कीरा, लोप भएका डायनासोरहरू र भूँ-भूँ गर्ने फिस्टे चराको अद्वितीयता क्रमविकासवादको वंशावलीमा कहाँनेर अटाउँदछ भनी व्याख्या गर्ने प्रयास गर्नुहोस् । मानव आँखाको आश्चर्यजनक र अकाट्य जटिलतालाई अध्ययन गर्नुहोस् र ती संयोगवश हुन आएका हुन् भनी सोझो अनुहार पारेर भन्ने प्रयास गर्नुहोस् । क्रमविकासवादलाई दुई समान अर्धभागहरू भएको मानव शरीरको बनावट र पदार्थमा पाइने अकाट्य रचनाको व्याख्या गर्न लगाउनुहोस् त । अनि अद्वितीय तथा अन्य सम्पूर्ण प्राणीका प्रजातिहरूमा कत्ति पनि नहुने मानव विवेकलाई नि ? यो कसरी “क्रमिकरूपमा विकास” भयो ? होइन, प्रिय मित्र, हरेक रचनाको पछाडि एक न एक रचनाकारको हात हुन्छ भनी सहजबुद्धि भन्दछ । परमेश्वरलाई अस्वीकार गर्नु र क्रमविकासवादको सिद्धान्तमाथि घमण्ड गर्नुले त तपाईंलाई धर्म मान्ने व्यक्ति पो बनाइदिन्छ । तपाईं मानव-केन्द्रित धर्म मान्नुहुन्छ जसलाई विश्वास गर्न त बाइबलका सामान्य दाबीहरूलाई विश्वास गर्नभन्दा धेरै विश्वास चाहिन्छ । अनि यस्तो धर्मले त अडोल्फ हिटलर, खमेर रुज, सद्दाम हुसैनलगायत “उत्कृष्टचाहिँ बाँच्नेछ” भन्ने कुरालाई तार्किक निष्कर्ष बनाउने अन्य हरेक पागल मानिसका निरङ्कुशताहरूलाई सही ठहऱ्याउँदछ । यदि तपाईंको लागि मृत्युमा सबै कुरा टुङ्गिन्छ भने हिटलर उसले गरेको सबै कुरादेखि

निर्दोष भयो र तपाईं पनि ऊभन्दा उत्तम हुनुहुन्न । किन आफैलाई विपत्तिबाट नबचाउने ?

अब सबै कटूक्तिलाई एकातिर राखौं । हेर्नुहोस्, परमेश्वर हुनुहुन्छ र उहाँ तपाईंसँग धेरैपटक बोलिसक्नुभएको छ । के तपाईंले सुन्नुभएको छैन ?

## सृष्टिको आवाज सुन्नुहोस् त !

सृष्टिको सन्देश जतातत‍ै देख्न सकिन्छ: "आकाशले परमेश्वरको महिमाको वर्णन गर्दछ । अनि आकाश-मण्डलले उहाँको हातको काम देखाउँदछ । दिनले दिनसित बात गर्दछ, अनि रातले रातलाई ज्ञान प्रकट गर्दछ । न कुनै बोली छ, न भाषा जहाँ तिनीहरूको आवाज सुनिँदैन" (भजनसङ्ग्रह १९:१-३) । सृष्टि (अर्थात् हिमालपहाड, रूख, अथाह समुद्र, प्राणी जगत, सूर्य, चन्द्रमा, चकमन्न तारा टल्किने रात, बतास, हिउँ, विशाल हिमतालहरू, पृथ्वीको उत्तरी भागमा देखिने आकर्षक ज्योति, इत्यादि)-ले यी सबैका एक सर्वशक्तिमान्, महिमित, सर्वव्यापी र सर्वज्ञानी मालिक हुनुहुन्छ भनी चर्को स्वरमा घोषणा गर्दछन् । सृष्टिको सन्देशलाई अस्वीकार गर्नु भनेको हठपूर्वक बेवास्ता गर्नु हो र त्यसले तपाईंलाई कुनै पनि बहाना बनाउन नसक्ने बनाइदिन्छ (रोमी १:१८-२०) ।

दु:खको कुरा धेरैजनाले यो सन्देशलाई बेवास्ता गर्दछन् र अविनाशी परमेश्वरको महिमालाई मूर्तिमा परिणत गरेर सृष्टिकर्त्तालाई पूज्नुको सट्टामा सृष्टिका कुराहरूको पूजा र सेवा गर्दछन् (रोमी १:२३-२५) । कतिले सुन, चाँदी र ढुङ्गाका मूर्तिहरूको पूजा गर्दछन् भने अरूले "धर्तीमाता", "धनदेवी", स्वघोषित धार्मिकता, झूटो धर्म वा मानवजाति स्वयम् (अर्थात् क्रमविकासवाद)-को पूजा गर्दछन् । **तरैपनि सारा सृष्टिका मालिकले आफ्नो साक्षी दिइनैरहनुभएको र भलाइ गर्दै हामीलाई आकाशबाट**

**वर्षा र फलदायी मौसमहरू दिइरहनुभएको छ** (प्रेरित १४:१७) । के तपाईंले सुन्नुभएको छैन ?

## श्रापको आवाज सुन्नुहोस् त !

परमेश्वर तपाईंसँग र यो ग्रहमा बस्ने अन्य हरेक व्यक्तिसँग बोल्नुभएको दोश्रो तरिकाचाहिँ श्रापको सन्देशद्वारा हो । संसारमा कष्ट हुनुको कारक तत्व चाहना हो भनी बुद्धले विश्वास गरे । अर्को शब्दमा, चाहना नै नगर्ने अवस्थामा पुग्न सकिएमा संसारमा कष्ट हुनेछैन । बग्रेल्ती धर्मगुरुहरूले जीवनमा जन्म र पुनर्जन्मको अन्तहीन चक्र हुन्छ र कर्मले मात्र मुक्ति दिलाउन सक्दछ भनेर सिकाउँदै आएका छन् । हडिथका अनुसार महम्मदले दिनमा सत्तरीपटक क्षमादान खोजे तर कहिल्यै पनि पाउन सकेनन् । यी सबैले श्रापको वास्तविकता महसुस गरे ।

पवित्र बाइबलको पहिलो पुस्तक उत्पत्तिका १ देखि ३ सम्मका अध्यायहरूले संसारको सृष्टि, मानवजातिको सुरुवात् र अदनको बगैंचामा भएको प्रथम पुरुष तथा स्त्रीको आत्मिक तथा नैतिक पतनको वर्णन प्रस्तुत गर्दछन् । आदम र हव्वाको अनाज्ञाकारिताको कारण संसारमा पाप र मृत्यु प्रवेश गरे, अनि परमेश्वरले सृष्टि र मानवजातिलाई श्राप दिनुभयो (रोमी ५:१२) । वरिपरि हेर्नुहोस् त ! दुष्टता, रोग, बिमारी, मृत्यु, प्राकृतिक विपत्तिहरू, आडम्बर र भ्रष्टता जतातत‌ै व्याप्त छन् । यी कुराहरूको कारण धेरैजनाले परमेश्वरलाई दोष लगाउन चाहन्छन् वा उहाँको अस्तित्वलाई नै अस्वीकार गर्दछन्, तर गल्ती हाम्रो हो । पृथ्वी आँधीहरूले सोत्तर पारिन्छ, भूकम्पहरूले हल्लाइन्छ, ज्वालामुखी-हरूबाट पग्लिएको लाभा ओकल्दछ । किन ? समाजमा दुष्टता व्याप्त छ, भ्रष्ट सरकारहरू र राजनीतिज्ञहरूको बाहुल्यता छ र “उत्कृष्टचाहिँ बाँच्नेछ” भन्ने धारणाद्वारा यो नियन्त्रित छ । किन ? यसको कारण पापको

श्राप हो र यो पनि हामी सबैको निम्ति परमेश्वरबाट आएको एउटा सन्देश हो: **सृष्टिकर्त्ता र उहाँको सृष्टिबीच समस्या छ र "धिक्कार त्यसलाई जसले आफ्ना सृष्टिकर्त्तासित झगडा गर्दछ"** (यशैया ४५:९)।

कोही उक्त श्रापको नजिक रहेर जिउँदछन् भने कोही त्यसदेखि अछुत नै रहने प्रयास गर्दछन्। तेश्रो विश्वका गरिब देशहरूमा बस्ने गाउँलेहरूले उक्त श्रापको वास्तविकतालाई दिनहुँ भोग्दछन्। मेरो बाली किन नसप्रिएको होला ? मेरो बच्चा किन बिरामी भएको होला ? जङ्गली जनावरले मेरो छिमेकीलाई किन मारेको होला ? यसको अकाट्य जवाफ यो हुन्छ: "ममा वा मेरो परिवारमा वा मेरो गाउँमा नै केही कुरा गलत भएको हुनुपर्दछ।" धेरैले सर्वोच्च परमेश्वरलाई नजानेका हुनाले बलिहरू चढाएर अनि आत्माहरू, पहाडहरू, सूर्य, आकाश, आफ्ना पुर्खाहरू, इत्यादिलाई खुसी पार्नको लागि विभिन्न रीतिहरू पूरा गरेर उक्त श्रापलाई हटाउने प्रयास गर्लान्। यसरी तिनीहरू सृष्टिकर्त्तातिर फर्कनुपर्ने अवस्थामा सृष्टिका कुराहरूतिर फर्कन्छन् (रोमी १:२५)। प्रविधि र सम्पत्तिको धनी समाजको संसारमा मानिसहरू उक्त श्रापदेखि अछुत नै बस्दछन्। बिरामी परेँ भने म औषधि पाउँदछु। भोकाएँ भने म खाने कुरा पाउँदछु। असजिलो भयो भने म सहज अवस्था भेट्टाउँदछु र समस्या छ भन्ने कुरा नै बिर्सिदिन्छु। तरैपनि अस्वीकार गर्नु र सहज अवस्थामा बस्नुले वास्तविकता मेटाउन सक्दैन: हामी रोग र बिमारीले घेरिएका छौं र उक्त श्रापको सबैभन्दा ठूलो प्रमाण अर्थात् मृत्यु हाम्रो वरिपरि नै छ (रोमी ५:१२)। दशमा दशैजना मर्दछन् र तपाईं पनि मर्नुहुनेछ। अहिलेको भनाइ यो होला: "बलियो भएर बाँच !" तर, उक्त श्रापको सत्यता भने अर्कै कुरा भन्दछ: "बलियो भएर बाँच, तर मृत्यु अवश्यम्भावी छ !" के तपाईंले सुन्नुभएको छैन ?

हजुर, परमेश्वर आफै सृष्टि र श्रापद्वारा तपाईंसँग बोलिसक्नुभएको छः **सृष्टिकर्त्ता हुनुहुन्छ अनि सृष्टिकर्त्ता र उहाँको सृष्टिबीच समस्या छ ।** परमेश्वरले प्रतिज्ञा गर्नुभएअनुसार उहाँले यस संसारलाई धार्मिकतामा न्याय गर्नुहुने समय नजिकिँदै जाँदा (प्रेरित १७:३१) यी सन्देशहरू झन् चर्को हुँदैजानेछन् (लूका २१:२५-२६; यशैया १३:९-१३; रोमी ८:१९-२२) । के तपाईं सुन्दै हुनुहुन्छ ?

## तपाईंको विवेकको सन्देश सुन्नुहोस् त !

परमेश्वर अझै तपाईंसँग बोल्नुहुन्छ र तपाईंले यो आवाज अनगिन्ती-पटक सुन्नुभएको छ भन्ने कुरामा म निश्चित छु। तर पनि तपाईं कानमा औंला कोच्न नै चाहनुहुन्छ होला । तपाईंका सृष्टिकर्त्ताले तपाईंलाई दिनुभएको विवेक तपाईंसँग छ । यो एउटा ठूलो घण्टी हो र यो व्यक्तिगत हुन्छः दोषी, दोषी, दोषी भन्दै त्यो घण्टी बज्दछ । यसको सन्देश चर्को हुन्छः **सृष्टिकर्त्ता र उहाँको सृष्टिबीच मात्र समस्या छैन, तर सृष्टिकर्त्ता र तपाईंबीच पनि समस्या छ** !

अदनको बगैंचाबाट संसारमा पाप प्रवेश गरेको धेरै वर्षपछि परमेश्वरले सारा संसारलाई देखाउनको निम्ति उहाँको चरित्र र उहाँको धार्मिकताको घोषणा गर्ने माध्यमको रूपमा इस्राएल जातिलाई चुन्नुभयो । उहाँले आफ्ना चुनिएका जनहरूलाई उहाँको धार्मिकताको स्तरको रूपमा उहाँको नियम अर्थात् व्यवस्था अर्थात् दश आज्ञाहरू दिनुभयो । परमेश्वरको असलपनको स्तरचाहिँ पूर्ण सिद्धता हो र यसअनुसार कोही पनि जिउन सक्दैन भनी दश आज्ञाहरूले देखाउँदछन् (रोमी ३:१०-११) । यो व्यवस्था इस्राएलीहरूलाई ढुङ्गाका पाटीहरूमा दिइएको थियो र त्यही व्यवस्था तपाईंलगायत हरेक मानिसको हृदयमा लेखिएको छ (रोमी २:१४-१५) । मानिसहरूले दश आज्ञाहरूलाई इतिहासदेखि मेटाउने प्रयास गर्लान् ।

तिनीहरूले स्वतन्त्र र प्रजातान्त्रिक समाजमा रहेका तिनको ऐतिहासिक प्रभावलाई अस्वीकार गर्लान् । तिनीहरूले तिनलाई अदालतको परिसर, सरकारी भवनहरू र विद्यालयका कक्षाकोठादेखि हटाउन सक्लान् । तर कुनै-कुनै सर्वोच्च अदालतहरूले जेसुकै निर्णय गरे पनि तपाईं परमेश्वरको व्यवस्थादेखि उम्कन सक्नुहुन्न । तपाईंको हृदयमा लेखिएको यो व्यवस्थालाई तपाईंले जहाँ गए पनि बोकेर हिँड्नुपर्दछ । यसलाई तपाईंको विवेक भनिन्छ ।

यो मानव विवेकलाई क्रमविकासवादले कहिल्यै पनि व्याख्या गर्न सकेको छैन र यही नै परमेश्वरको धार्मिकताको स्तर अर्थात् उहाँको व्यवस्था हो जसले मानिसको अन्तस्करणमा साक्षी दिन्छ । विवेक शब्दको खास अर्थ “ज्ञान भएको” हो । अर्को शब्दमा, तपाईं परमेश्वरले सही र गलत भन्नुहुने कुराको ज्ञान लिएर जिउनुहुन्छ र स्वास फेर्नुहुन्छ । तपाईं-भित्र हुने यो सिद्धान्तले तपाईंका कामहरू वा भावनाहरू असल छन् कि खराब छन् भनी निर्णय गर्दछ र तुरुन्तै तिनलाई अनुमोदन गर्दछ वा दोषी ठहऱ्याउँदछ । परमेश्वर पवित्र हुनुहुन्छ र उहाँको व्यवस्थाले न्यायको माग गर्दछ । अनि तपाईंको विवेकले तपाईंलाई दोषी घोषणा गर्दछ ।

झूट बोल्नु गलत हो र यो कुरा तपाईं जान्नुहुन्छ । के तपाईंले कहिल्यै झूट बोल्नुभएको छ ? असल कुराको निम्ति झूट बोल्नु र ढाँट्नु पनि झूटहरू नै हुन् । चोर्नु गलत हो र तपाईंको विवेकले यो कुरा प्रमाणित गर्दछ । के तपाईंले कहिल्यै कुनै कुरा चोर्नुभएको छ ? चोरिएको सामानको आकार र मूल्यले केही फरक पार्दैन । के तपाईंले ठट्टाको रूपमा वा गाली वा वाचाको रूपमा परमेश्वरको नाउँलाई व्यर्थैमा प्रयोग गर्नुभएको छ ? त्यो परमेश्वरनिन्दा हो र तपाईंको विवेकले तपाईंलाई दोषी ठहऱ्याउँदछ । के तपाईंले कहिल्यै कसैलाई कामवासनाको दृष्टिले हेर्नुभएको छ ? परमेश्वरले बाहिरी रूप होइन तर

हृदय जाँच्नुहुन्छ र तपाईंको कामवासनालाई उहाँले व्यभिचारको रूपमा हेर्नुहुन्छ (मत्ती ५:२७-२८)। हस्तमैथुन गर्दा, अश्लील तस्विर तथा चलचित्र हेर्दा वा ढोका बन्द गरेर यौनपापहरू गर्दा महसुस हुने दोषको भावना आखिर के हो त ? योचाहिँ तपाईंको विवेकले तपाईंको पापको र तपाईंका सृष्टिकर्त्ताले त्यसलाई घृणा गर्नुहुन्छ भन्ने कुराको साक्षी दिएको हो। तपाईंले अरू कोहीप्रति गर्नुहुने घृणा वा तिरस्कार पनि हत्या गर्नु बराबर हो (मत्ती ५:२१-२२; १यूहन्ना ३:१५)। के तपाईं झूटो देवता, झूटो धर्म (क्रमविकासवादको धर्मलगायत) वा तपाईंका आफ्नै लालसा र आनन्द पूरा गर्नको निम्ति आफैले मनमा बनाउनुभएको झूटो धारणाको पछि लाग्नुहुन्छ ? त्यो मूर्तिपूजा हो र सृष्टिकर्त्ताले त्यसलाई घृणा गर्नुहुन्छ। हेर्नुहोस्, तपाईंको हरेक विचार, बोली, व्यवहार र अभिप्राय परमेश्वर जान्नुहुन्छ। अनि तपाईंको विवेक अर्थात् तपाईंभित्र लेखिएको परमेश्वरको व्यवस्था तपाईंको हृदयको एक्स-रे हो। दोषी, दोषी, दोषी भन्दै यसले घोषणा गर्दछ। यसको सन्देश दिनहुँ तपाईंको हृदयमा गुञ्जिन्छः **सृष्टिकर्त्ता र तपाईंको बीचमा समस्या छ** ! यो तपाईंले गर्नुभएका कुराहरूको विषयमात्र होइन, तर स्वभावैले तपाईंको परिचय पनि होः व्यवस्था भङ्ग गर्नेवाला (१यूहन्ना ३:४)। यी सबै कुराहरू गलत हुन् भन्ने तपाईं जान्नुहुन्छ, तरैपनि तपाईं ती गरेरै छोड्नुहुन्छ र तपाईंको विवेकले दोषी ठहऱ्याउने कुरामा आनन्दसमेत मानिरहनुहुन्छ (रोमी १:३२)।

हजुर, चाहे तपाईंले स्वीकार गर्नुहोस् चाहे नगर्नुहोस्, परमेश्वर प्रष्टरूपमा तपाईंसँग बोल्नुभएको छ। सत्य तपाईंमाथि निर्भर हुँदैन, न त यो तपाईंका भावनाहरू, मनोभावहरू वा धारणाहरूको अधीनमा नै हुन्छ। सृष्टि, श्राप र तपाईंको विवेकका सन्देशहरू चर्को र प्रष्ट छन् जो सारा संसारका परमेश्वरबाट सीधै आएका सन्देश हुन्:

## सृष्टिकर्त्ता हुनुहुन्छ, सृष्टिकर्त्ता र उहाँको सृष्टिबीच समस्या छ अनि सृष्टिकर्त्ता र तपाईंको बीचमा समस्या छ !

तपाईंलाई अति प्रेम गर्नुभएको हुनाले तपाईं परमेश्वरदेखि सधैंभरि अलग भएर नरकमा नपर्नुहोस् भनेर उहाँले तपाईंलाई यसरी बोलाउनुहुन्छः "**आऊ, हामी बसेर आफ्ना कुरा छलफल गरौं । तिमीहरूका पाप सिन्दूरे रङ्गका भए तापनि ती हिउँजस्तै हुनेछन् । गाढा राता रङ्गका भए तापनि ती ऊनजस्तै हुनेछन्**" (यशैया १:१८) । साँचो परमेश्वर संसारका देवीदेवताजस्ता हामीले खोज्दै हिँड्नुपर्ने हुनुहुन्न । उहाँ त हामी विद्रोही भएकै अवस्थामा हामीलाई बोलाउँदै आउनुभएको छ ।

विश्वास गर्नुहोस् या नगर्नुहोस्, सारा संसारका परमप्रभु बोल्न छोड्नुभएको छैन । तपाईंले सुनिसक्नुभएको कुरा संसारको हरेक कुनामा बस्ने हरेक व्यक्तिले दिनहुँ सुन्दछ । अझै परमेश्वरले तपाईंलाई प्रेम गर्नुहुने भएकोले अर्को एउटा सन्देश पनि दिनुहुन्छ र यो सन्देश विशेष प्रकाश (अर्थात् परमेश्वरको वचन)-द्वारा र तपाईंलाई यो पुस्तिका दिने विशेष सन्देशदूतहरूद्वारा आउँदछ ।

## क्रूसलाई हेर्नुहोस् त !

क्रूसको सन्देश सरल छ र शरीर धारण गर्नुभएका परमेश्वर अर्थात् येशू ख्रीष्टले यो सन्देश दुई शब्दमा बोल्नुभयोः "**पूरा भयो**" (यूहन्ना १९:३०) ।

संसारभरि मानिसहरू मन्दिरहरू वा चर्चहरूमा जान्छन् । तिनीहरूले धार्मिक रीतिहरू पूरा गर्दछन् । तिनीहरूले आफ्ना असल कामहरू दिनहुँ गर्दछन् । तिनीहरूले आफ्ना "कुकर्म" मेटाउने प्रयास गर्दछन् । तिनीहरू पुण्य कमाउन, कर्म सुधार्न वा धार्मिकता कमाउन खोज्दछन् । यस्ता कुराहरू वार्षिक वा मासिक व्यवहार होइनन् । धेरैको निम्ति त यो

दैनिकी नै हो । किन ? किनभने हिजोको दिन पर्याप्त मात्रामा असल हुँदैन । धर्म कहिल्यै पनि पर्याप्त मात्रामा असल हुँदैन । ज्ञान कहिल्यै पनि पर्याप्त मात्रामा असल हुँदैन । विज्ञान कहिल्यै पनि पर्याप्त मात्रामा असल हुँदैन । धन, ख्याति, शक्ति, प्रभाव कहिल्यै पनि पर्याप्त मात्रामा असल हुँदैनन् । यसलाई रोमी १०:३ ले यसो भन्दछः "किनकि परमेश्वरको धार्मिकताको विषयमा अन्जान भएर र आफ्नै धार्मिकता स्थापित गर्न खोजेर तिनीहरूले आफूलाई परमेश्वरको धार्मिकताको अधीनतामा सुम्पिएनन् ।" यस्ता व्यक्तिहरूको अन्त्य अत्यन्त दयनीय हुन्छ । बीसौं शताब्दीको सुरुतिरका एकजना कट्टर नास्तिक, क्रमविकासवादी र लागूपदार्थका दुर्व्यसनी अल्डौस हुक्स्लीले मृत्युशैयचामा पल्टिएर लट्ठ्याउने लागूपदार्थको सुई लिनुभन्दा पहिला यसो भनेका थिएः "जीवनभरि मानवीय समस्याबारे फिक्री गर्नु र अन्त्यमा आएर सुझावको रूपमा 'उदार र दयालु हुने प्रयास गर्नुहोस् र हुनुहोस् पनि' भन्नमात्र सक्नु अलिकति लाजमर्दो कुरा हो ।" हुक्स्लीको निम्ति क्रमविकासवाद, नास्तिकवाद र लागूपदार्थ पर्याप्त मात्रामा असल थिएनन् । कुनै कुराको कमी भएको थियो र अन्त्यमा केवल असहाय बेवास्ता बाँकी रहेको थियो ।

परमेश्वर प्रष्टरूपमा बोल्नुभएको छ । सृष्टि, श्राप र तपाईंको विवेकले तपाईंलाई उद्धारकर्त्ताबिनाको असहाय र आशाहीन अवस्थामा छोडिदिन्छन्, किनकि परमेश्वरको व्यवस्थाले न्यायको माग गर्दछ । तर क्रूस र प्रभु येशू ख्रीष्टले त्यहाँबाट बोल्नुभएका दुईवटा सरल शब्दहरू (पूरा भयो)-ले एक उद्धारकर्त्ता हुनुहुन्छ भनी चर्को गरी भन्दछन् ! तपाईंलाई तपाईंको पापको श्रापदेखि उद्धार गर्न सक्नुहुने एकजना हुनुहुन्छ; तपाईंलाई तपाईंको दुष्ट, मूर्तिपूजक जीवनदेखि छुटकारा दिन सक्नुहुने एकजना हुनुहुन्छ; पवित्र र सर्वशक्तिमान् न्यायाधीशको क्रोधदेखि तपाईंलाई उद्धार गर्न सक्नुहुने एकजना हुनुहुन्छः प्रभु येशू ख्रीष्ट ।

संसारका मानिसहरूले क्रूसको सन्देश सुन्नुपर्दछ । तपाईंले क्रूसको सन्देश सुन्नुपर्दछः हामी दोषी र नरकमा फालिनयोग्यका भएका हुनाले र "पापको ज्याला मृत्यु" भएको हुनाले (रोमी ६:२३) परमेश्वरले हाम्रो लागि यसो गरिदिनुभयो: हाम्रो ऋण तिर्न उहाँ आफै यस पृथ्वीमा आउनुभयो (प्रभु येशू ख्रीष्ट - शरीरमा प्रकट हुनुभएका परमेश्वर) अनि पवित्र सृष्टिकर्त्ताको क्रोध साम्य पार्न र हाम्रा पापको पूरा दण्ड तिर्न उहाँले आफ्नो शरीरलाई हाम्रो सट्टामा क्रूसमा बलिदान हुनको लागि अर्पण गर्नुभयो, अनि हामीलाई धर्मी ठहऱ्याउनको निम्ति पवित्र आत्माको सामर्थ्यद्वारा उहाँ मरेकाहरूबाट बौरिएर उठ्नुभयो । फलस्वरूप पापको ऋण पूर्णरूपमा तिरिएको छ, हामीले आफ्नै धार्मिकतामा पूरा गर्न नसक्ने काम पूरा भएको छ र प्रभु ख्रीष्टको मृत्यु, गाडाइ तथा बौरिउठाइमा पूर्णरूपमा विश्वास र भरोसा गर्नेहरूका निम्ति पूर्ण क्षमादान प्राप्त हुन सम्भव भएको छ ।

अर्को शब्दमा भन्नुपर्दा, दुई हजार वर्षभन्दा पहिला प्रभु येशू क्रूसबाट "पूरा भयो" भनी चिच्च्याउनुहुँदा एउटा कानुनी लेनदेन पूरा भयो । सर्वशक्तिमान् परमेश्वरले अगाडि बढेर तपाईंको ऋण तिरिदिनुभयो । तपाईंले आफ्नो विवेकमा लेखिएको परमेश्वरको नैतिक व्यवस्था भङ्ग गर्नुभयो र प्रभु येशूले आफ्नो जीवनको रगत बहाएर तपाईंको ऋण तिरिदिनुभयो । यसको अर्थ प्रभु येशू ख्रीष्टको कष्ट, मृत्यु र बौरिउठाइको कारण परमेश्वरले तपाईंको मुद्दालाई खारेज गर्न सक्नुहुन्छ । तपाईंले भोग्नुपर्ने मृत्युदण्डको सजायलाई उहाँले परिवर्तन गरिदिन सक्नुहुन्छ । तपाईंले आफ्ना पापको पश्चात्ताप गरी प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नुभएमा उहाँले तपाईंलाई कानुनतः जिउन दिन सक्नुहुन्छ ।

म यो कुरा फेरि भन्नेछु । प्रभु येशू ख्रीष्टले कत्ति पनि पाप नगरीकन सिद्ध जीवन जिउनुभयो (हिब्रू ४:१५), परमेश्वर हुँ भनी दाबी गर्नुभयो

(यूहन्ना १४:९) र त्यसपछि परमेश्वरको व्यवस्थाका धर्ममय मागहरू पूरा गर्नको निम्ति उहाँले कष्ट भोग्नुभयो र उहाँ क्रूसमा मर्नुभयो (गलाती ३:१०-१३)। तीन दिनपछि उहाँको बलिदानलाई स्वीकार गरिएको थियो भन्ने कुरा प्रमाणित गर्दै उहाँ मरेकाहरूबाट पुनर्जीवित हुनुभयो। त्यसकारण पवित्र परमेश्वरले पाप क्षमा गर्न सक्नुहुन्छ र कहिल्यै पनि नटुङ्गिने अनन्त जीवन दिन सक्नुहुन्छ। मुक्ति सित्तैंको उपहार हो; यो कमाउन सकिँदैन, यसलाई त ग्रहणमात्र गर्न सकिन्छ। यूहन्ना ३:१६ मा बाइबल यसो भन्दछ, "किनकि परमेश्वरले संसारलाई यसरी प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र जन्माइएका पुत्र दिनुभयो ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नष्ट नहोस्, तर उसले अनन्त जीवन पाओस्।" बाइबलमा यो वचनको अलिकति अघिल्तिर यूहन्ना १:१२ पद यसो भन्दछ, "**तर उहाँलाई ग्रहण गरेकाहरू जतिलाई उहाँले परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो, अर्थात् उहाँको नाममा विश्वास गर्नेहरूलाई,**"

प्रिय मित्र, परमेश्वर हुनुहुन्छ र तपाईं एक दिन जाँचिनको निम्ति उहाँको सामु उभिनुहुनेछ। तपाईंको धर्म, तपाईंका वैज्ञानिकीय सिद्धान्तहरू र तपाईंको आफैलाई धर्मी ठहऱ्याउने नैतिकताले त्यो दिनमा तपाईंको उद्धार गर्न सक्दैनन्। अहँ, त्यतिबेला सबैभन्दा महत्वपूर्ण हुने प्रश्नहरू यी हुन्: के तपाईं फेरि जन्मिनुभएको छ (फेरि जन्मिनु भनेको प्रभु येशू ख्रीष्टको व्यक्तित्व र काममाथि विश्वास गरेर उहाँको अनुग्रहद्वारा प्रभु ख्रीष्टका आत्मालाई तपाईंभित्र ग्रहण गर्नु हो - योचाहिँ आत्मिक पुनर्जन्म हो, तर पुनर्जन्मको सिद्धान्तले झूटोरूपमा दाबी गर्नेजस्तो शारीरिक पुनर्जन्म होइन) ? के तपाईंले आफूलाई परमेश्वरको सामु नम्र पार्नुभएको छ ? के तपाईंले आफ्ना पापहरूको पश्चात्ताप गर्नुभएको छ ? के तपाईंले प्रभु येशू ख्रीष्टमाथि मात्र भरोसा गरेर सित्तैंको उपहारको रूपमा पाइने मुक्तिलाई ग्रहण गर्नुभएको छ ? रोमी ५:८ मा बाइबल यसो

भन्दछ, "तर परमेश्वरले हामीतर्फ आफ्नो प्रेम यसैमा प्रकट गर्नुहुन्छ - हामी पापी हुँदाहुँदै ख्रीष्ट हाम्रो निम्ति मर्नुभयो ।" रोमी १०:९-१० यसो भन्दछ, "यदि तिमीले आफ्नो मुखले प्रभु येशूलाई स्वीकार गर्‍यौ भने र परमेश्वरले उहाँलाई मरेकाहरूबाट पुनर्जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गर्‍यौ भने तिमीले मुक्ति पाउनेछौ । किनकि धार्मिकताको निम्ति हृदयले विश्वास गरिन्छ र मुक्तिको निम्ति मुखले स्वीकार गरिन्छ ।" प्रिय मित्र यो तपाईंको निम्ति एकमात्र आशा हो र तपाईंले प्रभु येशूलाई पुकार्नुभयो भने तपाईंको उद्धार गर्ने प्रतिज्ञा उहाँ गर्नुहुन्छ । स्वर्ग जानको निम्ति पर्याप्त मात्रामा असल काम गर्ने प्रयास त परमेश्वरलाई मन नपर्ने कुरा हो, तर स्वर्ग जाने निश्चयता पाएपछि असल काम गर्नुपर्दछ भनी उहाँ भन्नुहुन्छ । उहाँले त हाम्रा पापको निम्ति आफ्ना पुत्र बलिदान गर्नुभयो । पापको ऋण पूर्णरूपमा तिरिएको कुरालाई उपहारको रूपमा ग्रहण गर्न अस्वीकार गर्नु र आफैले काम गरेर त्यो असीमित ऋण तिर्ने दाबी गर्नु ठूलो मूर्खता हो । अझ यो कुरा त असम्भव हुन्छ भनी परमेश्वरले सृष्टि, श्राप र तपाईंको विवेकद्वारा भनिसक्नुभएको छ ।

## सर्वशक्तिमान् परमेश्वर मगन्ते हुनुहुन्न ।

सारा संसारका सृष्टिकर्त्ता कोही पनि नाश होस् भन्ने चाहनुहुन्न, तर उहाँ मगन्ते पनि हुनुहुन्न । न त उहाँ तपाईंका सपनाहरू पूरा गरिदिनको लागि अस्तित्वमा रहने कुनै किसिमको आकाशे-परी नै हुनुहुन्छ । अहँ, उहाँ त सारा पृथ्वीभरि राज्य गर्नुहुने महान् धर्मी महाराजा हुनुहुन्छ (भजनसङ्ग्रह ४७:२) । अनि कुनै पनि धर्मको चाडपर्व, रीति, वैज्ञानिक ज्ञान, वातावरणीय चेतना वा परोपकारको कामले तपाईंलाई नरकमा फालिनदेखि जोगाउन सक्दैन वा तपाईंका सृष्टिकर्त्तासँगको तपाईंको सम्बन्ध असल बनाइदिन सक्दैन । उहाँ स्वयम्ले मात्र यसो गर्न सक्नुहुन्छ र तपाईंले यसको चाहना गर्नुपर्दछ । तपाईंका मूर्तिहरू, खोक्रा धर्महरू

र सांसारिक बुद्धिदेखि फर्केर आउनुहोस् । प्रभुको सामु आफ्ना पाप स्वीकार गरिहाल्नुहोस् र पश्चात्ताप गर्दै तपाईंलाई नरकदेखि जोगाउन उहाँसँग बिन्ती गर्नुहोस् । तपाईंका पापहरूको दण्ड भोगिदिनुभएको लागि र तपाईंलाई परमेश्वरको क्रोधदेखि बचाउनुभएको लागि प्रभु येशूलाई धन्यवाद चढाउनुहोस् । उहाँमाथि पूर्णरूपमा भरोसा गर्नुहोस् (मन परेको बेलामा मात्र लगाउने लुगाजस्तो उहाँलाई नबनाउनुहोस्) र उहाँले दिनुहुने अनन्त जीवनको उपहारलाई ग्रहण गर्दछु भनी पूर्ण विश्वासका साथ उहाँलाई भन्नुहोस् । तब प्रभु येशू ख्रीष्ट तपाईंको हृदयभित्र आउनुहुनेछ र तपाईंलाई नयाँ जीवन दिनुहुनेछ जसरी उहाँले प्रतिज्ञा गर्नुभएको छ (यूहन्ना ६:३७; रोमी १०:१३; गलाती ४:६) । प्रिय मित्र, फेरि जन्मिनु भनेको यही नै हो र प्रभु येशूले यो घोषणा गर्नुभएको छ, “फेरि नजन्मिएसम्म मानिसले परमेश्वरको राज्य देख्न सक्दैन” (यूहन्ना ३:३) । परमेश्वर मानिस र जनावरको बलिदान चाहनहुन्न, तर टुटेको हृदयको बलिदान चाहनुहुन्छ ।

प्रभु येशू ख्रीष्टकहाँ दगुरेर जानुहोस् । उहाँले दिनुभएको मुक्तिको सुसमाचारलाई ग्रहण गर्नुहोस् । यही नै तपाईंको एकमात्र आशा हो । तपाईंले आफ्नो हृदय सफा गरेर हुँदैन, तपाईंलाई त हृदय नै नयाँ चाहिन्छ (यर्मिया १७:९; इजकिएल ३६:२६) ! अनि त्यो नयाँ हृदय प्रभु ख्रीष्टले मात्र तपाईंलाई दिन सक्नुहुन्छ । आज नै दगुरेर उहाँकहाँ जानुहोस्, किनकि तपाईंले भोलिको दिन नदेख्न पनि सक्नुहुन्छ । यूहन्नाको सुसमाचार र रोमीको पुस्तकबाट सुरु गरेर बाइबल पढ्नुहोस् र परमेश्वरको वचनले भनेअनुसार व्यवहार गर्नुहोस् । परमेश्वरले तपाईंलाई कहिल्यै पनि छोड्नुहुनेछैन वा त्याग्नुहुनेछैन ।

**या** अस्वीकार गर्दै जिउनुहोस् । क्रूसको सन्देशलाई तुच्छ धर्म भनी उपहास गर्नुहोस् । दिनहुँ चर्को गरी गुञ्जिने सृष्टि, श्राप र विवेकको

सन्देशलाई बेवास्ता गर्नुहोस् । मोजमज्जा गर्नुहोस् र संसारका आनन्दहरूमै डुब्नुहोस् । बलियो भएर बाँच्नुहोस्....तर मृत्यु अवश्यम्भावी छ । एक दिन असल क्षणहरू समाप्त हुनेछन् र नरकको रमाइलो पार्टी आगलागीका कारण रद्द गरिएको छ । तपाईंलाई जेसुकै सिकाइएको भए तापनि आखिर सत्य सत्य नै हुन्छ । **पश्चात्ताप गर्नुहोस्** ! **प्रभु येशूले तपाईंलाई प्रेम गर्नुहुन्छ** ! उहाँ यसो भन्नुहुन्छ, "**पश्चात्ताप र विश्राममा तिमीहरूको उद्धार छ । मौनधारण र भरोसामा तिमीहरूलाई शक्ति मिल्छ । तर तिमीहरू यी कुनै पनि कुरा चाहन्नौ**" (यशैया ३०:१५) । आफ्ना पापलाई स्वीकार गरी स्वर्ग जानको निम्ति आफ्ना प्रयासहरू गर्न छोडेर परमेश्वर आफैले मानिस येशूको रूपमा आई क्रूसमा पूरा गरिदिनुभएको काममाथि मात्र भरोसा गरेमा मुक्ति पाइन्छ भनी परमेश्वर भन्नुहुन्छ । अनि यो परमेश्वरको राज्यमा जान परमेश्वरले कमाइदिनुभएको बाटो हो, मानिसको होइन ।

**पुनश्चः** यो धर्मको विषय होइन । धर्मले त सफा गर्न नसकिने कुरा (अर्थात् मानव हृदय)-लाई सफा गर्ने प्रयास गर्दछ । प्रभु येशू ख्रीष्टले मात्र तपाईंलाई त्यो बन्धनदेखि मुक्त गर्न सक्नुहुन्छ । थप जानकारीमूलक पुस्तक-पुस्तिका तथा किङ्ग जेम्स बाइबल निशुल्क प्राप्त गर्न तथा प्रतिक्रिया जनाउनको निम्ति कृपया हामीलाई निम्नलिखित ठेगानामा सम्पर्क गर्नुहोलाः

**प्रोजेक्ट जगेर्ना**
**जी.पी.ओ. ८९७५ ई.पी.सी. ९८७**
**काठमाण्डौ, नेपाल**
**ईमेलः** projectjagerna@gmail.com
**वेभः** www.projectjagerna.org